# धनपालथान गाउँपालिकाको छैठौं गाउँसभामा गाउँपालिका उपाध्यक्ष श्री नसिमा वानोबाट प्रस्तुत

## आर्थिक वर्ष २०७७/०७८ को आय तथा व्यय

धनपालथान गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सोरभाग, मोरङ्ग
प्रदेश नं. १

**श्रद्धेय सभाध्यक्ष एवं गाउँपालिका अध्यक्ष ज्यू,**
**गाउँसभाका सदस्यहरु**

धनपालथान गाउँपालिका, गाउँसभा छैठौं अधिवेशनका अध्यक्ष तथा गाउँपालिका अध्यक्ष ज्यू, माननीय प्रमुख अतिथि ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, गाउँसभामा उपस्थित गाउँसभाका सदस्य ज्यूहरु, विभिन्न राजनितिक दल तथा क्षेत्रबाट प्रतिनिधित्व गर्दै गाउँसभामा उपस्थित हुनु भएका विशिष्ट महानुभावहरु, गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरु, उपस्थित पत्रकार साथीहरुमा हार्दिक अभिवादन गर्दछु ।

धनपालथान गाउँपालिकाको उपाध्यक्षको हैसियतले यस छैठौं गाउँसभा समक्ष आगामि आर्थिक वर्ष २०७७/७८ को आय तथा व्ययको विवरण प्रस्तुत गरि रहँदा अत्यन्त खुसि भएको छु । यस महत्वपूर्ण अवसरमा राष्ट्रियता, सामाजिक न्याय, सामाजिक रुपान्तरण, समानता र समृद्धि तथा संघिय शासन प्रणाली स्थापित गर्नका लागि जीवन बलिदान गर्नु हुने सम्पूर्ण ज्ञातअज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्दछु र यो महान उपलब्धिका लागि संघर्ष गर्नु हुने महान नेपालीहरु प्रति हार्दिक सम्मान प्रकट गर्दछु ।

**“कृषि, शिक्षा, स्वास्थ्यमा उन्नति, पूर्वाधार विकाससहित धनपालथानको समुन्नति”**भन्ने मुल नारालाई आत्मासाह गरि गाउँपालकि बासिलाई परिवर्तनको अनुभुति दिलाउने गरि गाउँपालिका अघि बढि रहेको छ ।

धनपालथान गाउँपालिकाको चालु वर्षको बजेट निर्माणका क्रममा प्रमुख रुपमा लिईएको निम्न आधारहरु प्रस्तुत गर्न अनुमति चाहान्छु :
चालु वर्षको बजेट तर्जुमा निर्माणको क्रममा नेपालको संविधानमा व्यवस्था भएका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु तथा संविधानका अनुसूची ८ र ९ मा रहेका स्थानीय तहका एकल अधिकार र साझा अधिकारका सूचीहरुमा भएका व्यवस्था, चौधौ राष्ट्रिय योजना, दिगो विकासका लक्ष्यहरु, स्थानीय सरकार सञ्चालन ऐन २०७४, अर्थ मन्त्रालयवाट प्राप्त मार्गदर्शन, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयर प्रदेश सरकारको तर्फवाट समयसमयमा जारी भएका मार्गदर्शन तथा परिपत्रहरु, स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन २०७५, प्राकृतिक श्रोत तथा वित्त आयोग र विभिन्न विषयगत समितिवाट प्राप्त सुझावहरु, राजश्व परामर्श समितिवाट प्राप्त सुझावका आधारमा संम्भव भएसम्म जन चाहनालाई समेट्ने अभिप्रायका साथ प्रस्तुत बजेट तयार गरिएको छ ।

अव म आ.व. २०७७/०७८ का लागि अनुमानित गरिएको बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।
गाउँपालिकाको लागि नेपाल सरकारवाट प्राप्त वित्तीय समानिकरण अनुदान १२ करोड ७५ लाख, राजश्व बाँडफाड वापत रकम रु ८ करोड १७ लाख ५४ हजार ४ सय १०, प्रदेश सरकारवाट प्राप्त समानीकरण अनुदान रु ७४ लाख १६ हजार, प्रदेश सरकारवाट प्राप्त राजश्व बाँडफाड तर्फ सवारी साधान कर बाडँफाँडवाट प्राप्त राजश्व रु ५० लाख ९१ हजार र आन्तरीक आयस्रोत वापत रु १ करोड ६० लाख र नेपाल सरकारवाट प्राप्त सर्शत अनुदान रु १८ करोड ७० लाख, समपुरक अनुदान १ करोड ८४ लाख र आन्तरिक आयमा अल्या रकम रु ५० लाख अनुमानित गरी कुल गरी कुल ४४ करोड ८१ लाख ६१ हजार ४ सय १० को आय अनुमान गरिएको छ ।

आ.व २०७७/७८ मा सामाजिक सुरक्षा अनुदान, एल.जि.सि.डि.पी कार्यक्रम, तराई मधेस सम्वृद्धि, निर्वाचन क्षेत्र विकास कार्यक्रम,महिला तथा वालवालिका विकास, गरीवसंग विशेश्वर कार्यक्रम,नेपाल.सरकारवाट प्राप्त हुने अन्य सर्शत अनुदान र सडक बोर्डवाट प्राप्त हुने रकम र जनसहभागिताको रकम, प्राकृतिक स्रोत साधन बाँडफाँड रकम लगायतको अंक हालसम्म जानकारीमा नआएका

कारण बजेटमा समावेश गन सकिएको छैन । यो रकम प्राप्त हुन आएमा तत्समय तत् विषयमा विनियोजन गरिने समेत सम्मानित सभालाई जानकारी गराउन चाहन्छु ।

साथै आर्थिक वर्ष ०७६।०७७ मा हाल संचालनमा रहेका योजनाको अन्तिम फरफारक हुन वाँकी रहेको र विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाईरस (कोभिड-१९) को कारण तथा विविध कारणले सन्चालन हुन नसकेका नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान बाहेकका वडास्तरीय, गाउँपालिकास्तरीय, विषयगत शाखाहरु तथा बोलपत्रद्वारा कार्य प्रकृयामा रहेका योजना तथा कार्यक्रमलाई आ.व. ०७७।०७८ मा समावेश गरी निरन्तर रुपमा कार्यान्वयन गर्न प्रस्ताव गर्दछु ।

## चालु वर्षको बजेटका निम्न उद्धेश्यहरु रहेका छन्

- कोरोना विरुद्ध आवश्यक कियाकलाप सञ्चालन गर्ने ।
- पूर्वाधारको विकास गर्ने ।
- कृषिमा विविधिकरण
- गाउँपालिकावाट प्रवाह हुने सेवाहरुलाई सरल, सहज र प्रविधिमैत्री बनाउने ।
- लक्षित वर्गको सशक्तिकरण गर्ने ।

## यी उद्धेश्य पुरा गर्न चालु आ.व.का प्राथमिकताहरु

- कोरोना संकमन रोकथामका लागि व्यवस्थापनका लागि आवश्यक कियाकलाप सञ्चालन
- सडक पूर्वाधार निर्माण र स्तरोन्नती
- कृषि पर्यटन प्रबर्द्धन तथा कृषि प्रविधिको आधुनिकिरण
- वातावरण संरक्षण
- रोजगारीको अवसरमा बृद्धि
- पर्यटकीय गन्तब्यहरुको उजागर गरी आर्थिक उपार्जन सँग जोड्ने ।
- सामाजिक क्षमतामा बृद्धि
- सेवा प्रवाहमा प्रभावकारीता
- सुशासनमा जोड

बजेटले राखेका उदेश्य एवं प्राथमिकता कार्यन्वय गर्न संघिय सरकार र प्रदेश सरकारसँग समन्वय र माग गरिने छ ।

## व्ययतर्फको अनुमान तपशीलअनुसार प्रस्ताव गर्दछु ।

१. यस गाउँपालिका भित्रका आर्थिक महत्व र गाउँपालिकाको गौरवको आयोजना ५ वटा सडकहरुको निर्माण कार्य कमागत रुपमा अगाडि बढाउन रु ४ करोड ३ लाख १६ हजार विनियोजनको प्रस्ताव गरिएको छ ।

क) कदमाहा नोचा सडक कालोपत्रेका लागि रु १ करोड विनियोजन प्रस्ताव गरिएको छ ।

ख) कर्सिया पानीटंकी देखि कालिका स्कुल हुँदै फुटानीचौक धनपाल सिमाना सम्मको सडक कालोपत्रेका लागि रु ४४ लाख विनियोजन प्रस्ताव गरिएको छ ।

ग) शारदा स्कुल दक्षिण लखनतरी हुँदै आनन्द चोक जाने बाटो कालोपत्रेको लागि रु ५० लाख विनियोजन प्रस्ताव गरिएको छ ।

घ) भङ्गा पुल देखि उत्तर जाने सडक कालोपत्रेको लागि रु २५ लाख १६ हजार विनियोजन प्रस्ताव गरिएको छ।

ङ) मायागञ्ज बेतौना सडक कालोपत्रे (समपुरक योजना अन्तर्गत) का लागि रु १ करोड ८४ लाख विनियोजन प्रस्ताव गरिएको छ ।

२. शिक्षातर्फ नेपाल सरकारको सर्शत अनुदानवाट प्राप्त रकमका अतिरिक्त विद्यालयको भौतिक पूर्वाधार र विद्यालय व्यवस्थापनको लागि एकमुष्ट ७५ लाख विनियोजनको प्रस्ताव गरिएको छ ।

३. स्वास्थ्य तर्फ नेपाल सरकारको सर्शत अनुदानवाट प्राप्त रकमका अतिरित्त गाउँपालिकावाट घोषित स्वास्थ्य नीतिहरुको कार्यान्वयनको लागि रु ६० लाख विनियोजन प्रस्ताव गरिएको छ ।

४. कृषि तथा सिंचाईमा नेपाल सरकारको सर्शत अनुदानवाट प्राप्त रकमका अतिरिक्त गाउँपालिकावाट घोषित कार्यक्रमका लागि रु ६० लाख विनियोजन प्रस्ताव गरिएको छ ।

५ पशुपंक्षी सेवातर्फ नेपाल सरकारको सर्शत अनुदानवाट प्राप्त रकमका अतिरिक्त गाउँपालिकावाट घोषित कार्यक्रमका लागि रु ४० लाख विनियोजन प्रस्ताव गरिएको छ ।

६. महिला,बालवालिका तथा जेष्ठ नागरिकतर्फ नेपाल सरकारको सर्शत अनुदानवाट प्राप्त रकमका अतिरिक्त गाउँपालिकावाट घोषित कार्यक्रमका लागि १० लाख विनियोजन प्रस्ताव गरिएको छ ।

७. प्रकोप व्यवस्थापन कोषमा रु १ करोड विनियोजन प्रस्ताव गरिएको छ ।

८. उर्जा तथा प्रविधि शाखा रु ५ लाख विनियोजन प्रस्ताव गरिएको छ ।

९. सूचना प्रविधि शाखाको लागि रु ५ लाख विनियोजन प्रस्ताव गरिएको छ ।

१०. जेष्ठ नागरिक सम्मान कार्यक्मको लागि रु ३ लाख विनियोजन प्रस्ताव गरिएको छ ।

११. हाटवजार व्यवस्थापन तथा सुधारका लागि रु ५ लाख विनियोजन प्रस्ताव गरिएको छ ।

१२. सहकारी व्यवस्थापनका लागि रु ३ लाख विनियोजन प्रस्ताव गरिएको छ ।

१३. गा.पा.को निर्णय तथा तोक आदेश अनुसार रु ५ लाख विनियोजन प्रस्ताव गरिएको छ ।

१४. विधुवा तथा एकल महिला सम्मानका लागि रु ३ लाख विनियोजन प्रस्ताव गरिएको छ ।

१५. मानव अधिकार सम्बन्धि कार्यक्मका लागि रु ५० हजार विनियोजन प्रस्ताव गरिएको छ ।

१६. महिला सञ्जाल सम्बन्धि कार्यक्मका लागि रु ५० हजार विनियोजन प्रस्ताव गरिएको छ ।

१७. खेलकुद कार्यक्ममा सहयोगका लागि रु २ लाख विनियोजन प्रस्ताव गरिएको छ ।

१८. धार्मिक तथा सांस्कृतिक कार्यक्ममा सहयोगका लागि रु ३ लाख ५० हजार विनियोजन प्रस्ताव गरिएको छ ।

१९. अपाङ्गता रोकथान तथा पुनरस्थापना साझेदारी कार्यक्मको लागि रु १९ लाख विनियोजन प्रस्ताव गरिएको छ ।

२०.अधुरो सामुदायीक भवन निर्माण वडा नं. २ को लागि रु १ लाख ५० हजार विनियोजन प्रस्ताव गरिएको छ ।

२१. मठ मन्दिर मस्जिद गुम्वा सुधारका लागि रु ४ लाख ८४ हजार विनियोजन प्रस्ताव गरिएको छ ।

२२. वडा नं. ४ को कार्यालय भवन निर्माणका लागि रु २० लाख विनियोजन प्रस्ताव गरिएको छ ।

२३. भाषा संस्कृति जगेर्नाका लागि रु ३ लाख विनियोजन प्रस्ताव गरिएको छ ।

२४. लक्षित वर्गका लागि कार्यक्मको लागि रु २१ लाख विनियोजन प्रस्ताव गरिएको छ ।

२५. खानेपानी ट्यूवेल खरिदका लागि रु ५ लाख विनियोजन प्रस्ताव गरिएको छ ।

२६. वडा स्तरीय (वडा नं. १,२,३,४,५,७) का लागि रु १ करोडका दरले रु ६ करोड र वडा नं. ६ का लागि रु १ करोड २० लाख गरि जम्मा रु ७ करोड २० लाख विनियोजन प्रस्ताव गरिएको छ ।

२७.संचालन खर्च प्रशासनिकतर्फ रु ९ करोड ८३ लाख ६१ हजार ४ सय १० विनियोजन प्रस्ताव गरिएको छ ।

२८.सशर्त अनुदानमा तोकिएवमोजिमका शिर्षकहरुमा सोही शिर्षकमा खर्च हुने गरि रु १८ करोड ७० लाख विनियोजन गरिएको छ ।

अन्त्यमा यस सुन्दर धार्मिक, सांस्कृतिक,ऐतिहासिक तथा पुरातात्विक धनपालथान गाउँपालिकाको विकास, सम्बृद्धिका लागि निरन्तर सदभाव र सहयोग गर्नु हुने सम्पूर्ण गाउँबासि महानुभावहरु, कर्मचारीहरु, विकास साझेदारहरु, सरकारी तथा गैरसरकारी, सामुदायीक संस्था, नागरिक समाजका अगुवाहरु लगायत सम्पूर्ण प्रति हार्दिक आभार प्रकट गर्दै बजेटको सफल कार्यन्वयमा साथ सहयोगके अपेक्षा गरेको छु । आगामि दिनमा पनि यहाँहरुको सक्रिय र सार्थक सहभागिताले यस गाउँपालिकाको बजेट विकासमा टेवा पुग्छ भनि आशा गर्दै बजेट व्यक्तव्य अन्त्य गर्दछु ।

**धन्यवाद ! जय धनपालथान**

**नसिमा वानो**
**उपाध्यक्ष**
**धनपालथान गाउँपालिका**